केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१५/०७५/७६

मिति: २०७५/०९/३०

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. २, ३ र १५ लाई देहायबमोजिम संशोधन/परिमार्जन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**२. केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने**

२.१ इजाजतपत्रप्राप्त संस्थाले केन्द्रमा देहाय अनुसारको कर्जा सम्बन्धी विवरण (क.सू.फा.नं. १ र २) महिना भुक्तान भएको १५ दिनभित्र पठाउनु पर्नेछः

(क) आफूले स्वीकृत गरेको **सम्पूर्ण** कर्जा/सुविधा।

(ख) ९० दिन भन्दा बढीले भाखा नाघेका **सम्पूर्ण** कर्जा/सुविधा।

२.२ उपर्युक्त विवरण तत्पश्चात् प्रत्येक आर्थिक वर्षको त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र कर्जा चुक्ता नभएसम्म केन्द्रमा पठाउनु पर्नेछ। यसरी केन्द्रमा पठाएको विवरणमा पछि कुनै परिवर्तन भएमा वा कर्जा चुक्ता भएमा, भाखा नाघेको कर्जा नियमित भएमा वा भाखा मिति थप वा पुनरतालिकीकरण भएमा सो को जानकारी समेत १५ दिनभित्र अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

२.३ <u>ग्राहकको विवरण लिनु पर्ने</u>

इजाजतपत्रप्राप्त संस्थामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाबाट कर्जा/सुविधाको लागि आवेदन परेमा कर्जा विश्लेषणको लागि ग्राहक/ऋणीको देहाय बमोजिमको विवरण लिनु पर्नेछ :-

(क) व्यक्तिगत ऋणी तथा जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपी, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण।

(ख) प्रोप्राईटरसिप/साझेदारी फर्मको हकमा खण्ड (क) मा उल्लेख भए अनुरुपको प्रोप्राइटर/साझेदारहरुको विवरण र फर्मको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना, साझेदारी सम्झौताको प्रतिलिपी र सो सम्बन्धी निर्णय।

(ग) प्राइभेट कम्पनीको हकमा सञ्चालक र सो कम्पनीका १५ प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण र कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सो सम्बन्धी निर्णय।

(घ) पब्लिक कम्पनीको हकमा सञ्चालकहरु र सो कम्पनीका १५ प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण, कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सो सम्बन्धी निर्णय।

(ङ) धितो मूल्याङ्कनकर्ताको नाम, थर, ठेगाना र रु. १० लाखभन्दा माथिको हकमा इजाजतपत्र।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

३. **अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने**

१) कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ। यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य दिनभित्रमा त्यस्तो सूचना दिनु पर्नेछ।

तर सुनचाँदी, मुद्दति रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जामा भने यो व्यवस्था लागू हुने छैन।

२) कुनै ग्राहक/ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा केन्द्रबाट उपदफा (१) बमोजिम कर्जा सूचना प्राप्त गरी सकेपछि अन्य निकायबाट सूचना लिन अनिवार्य हुने छैन।

३) यस खण्ड बमोजिम केन्द्रबाट लिइएको कर्जा सूचना बापत इजाजतपत्रप्राप्त संस्थाले केन्द्रले तोकेको कर्जा सूचना सेवा शुल्क केन्द्रलाई बुझाउनु पर्नेछ।

**१५. केन्द्रले सुचना तथा विवरणहरु माग गर्न सक्ने**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८, नेपाल राष्ट्र बैंक कर्जा सुचना विनियमावली, २०५९ र यस निर्देशनको उद्देश्य कार्यान्वयन गर्ने सिलसिलामा यस निर्देशनले तोके बाहेकका अन्य सुचना र विवरणहरु केन्द्रले इजाजतपत्रप्राप्त संस्थासँग माग गर्न सक्नेछ। यसरी माग गरेको सुचना र विवरणहरु उपलब्ध गराउनु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ। इजाजतपत्रप्राप्त संस्थाले नियमितरुपमा केन्द्रमा अध्यावधिक सूचना नपठाएमा केन्द्रले सूचना उपलब्ध गराउन बाध्य हुने छैन।

भवदीय,

२०७१/३/२०

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।
(१३) श्री कर्जा सूचना केन्द्र लि., कमलादी।